अनुसूची- २

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

**मोदी गाउँपालिका**

# स्थानीय राजपत्र

**खण्ड-३, संख्या-२, मिति-२०७६।१।३१**

**भाग-२**

नेपालको संविधान बमोजिम मोदी गाउँसभाले बनाएको देहाय बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## मोदी गाउँपालिका

## कोसेली तथा सौगात घर घुम्ती कोष संचालन कार्यविधि २०७६

**प्रस्तावना :** मोदी गाउँपालिकाका स्थानिय श्रोत र सीपमा आधारित लघु घरेलु तथा साना उद्यमीहरुले उत्पादन गरेका वस्तुहरुको बजारीकरणमा पहुँच पुराउने वस्तुको विक्रि सहज वनाउने उद्देश्यले यो कोशेली तथा सौगात घर संचालन कोष निर्देशिका तयार गरिएको छ ।

१ संक्षिप्त नाम र प्रारम्भ :यस कार्यविधिको नाम कोशेली तथा सौगात घर घुम्ती कोष संचालन कार्यविधि २०७६ रहेको छ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

क) “उद्यमी” भन्नाले स्थानिय श्रोत, श्रम, सीपमा आधारीत लघु घरेलु तथा साना उद्यमी व्यवसायलाई सम्झनु पर्दछ ।

ख) “कोष” भन्नाले लघु घरेलु तथा साना उद्यमीहरुको उत्पादनलाई बजारीकरणको लागि गाउँपालिकाले लघु घरेलु तथा साना उद्योग प्रर्वद्धन गर्नका लागि बिनियोजन गरेको रकमवाट बजारीकरणका लागि विनियोजित रकमलाई सम्झनु पर्दछ ।

ग) “कार्यालय” भन्नाले मोदी गाउँपालिकाको गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

घ) “संस्था” भन्नाले मोदी गाउँपालिकाले स्थापना गरेको कोशेली तथा सौगात घरलाई सम्झनु पर्दछ ।

ङ) “समिति” भन्नाले गाउँ उद्यम विकास समिति सम्झनु पर्दछ ।

**३ कोषको स्थापनाः कोशेली घर तथा सौगात घर संचालनका लागि घुम्ती कोषको स्थापना गरिएको छ ।**

**१ . कोषमा देहाय वमोजिमको रकम रहने छ ।**

क. गाउँपालिकाबाट लघु घरेलु तथा साना उद्योगको क्षेत्रमा विनियोजन गरिएको रकमबाट कोशेली तथा सौगात घर संचालनका लागि विनियोजन गरेको रकम ।

ख. प्रदेश सरकारले कोशेली घर संचालनका लागि गाउँपालिकामा विनियोजित रकम ।

ग.सरकारी तथा गैह्र सरकारी संस्थावाट प्राप्त हुने रकम ।

**४ कोषको उद्देश्य** : लघु घरेलु तथा साना उद्यमीहरुले उत्पादन गरेका वस्तुहरुको खरीद विक्रिलाई बजारीकरण तथा सजिलै विक्रि वितरणका लागि वातावरण तयार गर्नका लागि विना धितो कोशेली घर संचालकलाई उपलव्ध गराउने ।

**५ कोषको रकम वृद्धि गर्न सक्ने** : गाउँपालिकाले लघु घरेलु तथा साना उद्योग कार्यक्रम अन्तर्गत वार्षिक वजेटबाट वृद्धि गर्दै लैजान सक्नेछ ।

**६. कोषको प्रयोग :**

१ लघु घरेलु तथा साना उद्यमीहरुलाई चाहिने सामाग्री खरिद तथा विक्रिमा प्रबर्द्धन तथा प्रचार प्रसारका लागि सुलभ तरिकावाट विना धितो कार्जा प्रवाह गर्न कोषको प्रयोग गरिने छ ।

२.कोषको रकम गाउँपालिकाले स्वीकृत प्राप्त वैंकमा खाता खोली जम्मा गरिने छ ।

३.कोषको खातामा रहेको रकम आर्थिक वर्षको अन्त्यमा फ्रिज हुने छैन ।

४.कोषको रकम कोशेली तथा सौगात संचालकलाई लगानी गरिनेछ ।

५ लगानी तथा असुलीको निरिक्षण गाउँ उद्यम विकास समितिले गर्नेछ ।

६ कोषको खाता संचालन प्रमुख प्रशासकीय अधिकृत तथा लेखा प्रमुखको संयुक्त दस्तखतमा संचालन हुनेछ ।

**७ कोषको व्यवस्थापन :**

गाउँपालिकामा रहेको कोशेली तथा सौगात घर संचालनका लागि सहज सरल र प्रभावकारी रुपमा कर्जा प्रवाह गरि कोषको समुचित प्रयोग गर्न पालिकास्तरमा रहेको गाउँ उद्यम विकास समिती रहने छ । गाउँ उद्यम विकास समितीले लगानी तथा असुलीको निरीक्षण अनुगमन तथा मुल्यांकन गर्ने । लगानी गरेको कर्जा तथा असुली संतोषजनक नदेखिएमा गाउँ उद्यम विकास समितीको वैठकले कर्जा असुलीका लागि पहल कदमी अगाडी वढाउने छ ।

**८ कर्जा प्रवाह व्याज र असुली सम्वन्धी व्यवस्था:** कर्जा प्रवाहका लागि कोशेली तथा सौगात घर संचालकले अनुसुची १ वमोजिमको  देहाय वमोजिमका कागजपत्रहरु संलग्न राखी गाउँपालिका उद्यम विकास शाखामा निवेदन  पेश गर्ने  ।

क कर्जामागको लागि अनुसुची १ अनुसारको निवेदन कर्जा माग गरेको रकम सहित ।

ख.नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।

ग.कोशेली तथा सौगात घरको दर्ता नविकरणको प्रतिलिपिहरु ।

उल्लेखित कागजातका आधारमा गाउँ उद्यम विकास समितीको वैठक वसी  कर्जा लगानीका लागि निर्णय गर्नेछ । सोही आधारमा उद्यम विकास शाखाको सिफारिसमा कर्जा लगानी गरिने छ । सो आधारमा गाउँपालिका ले कर्जा प्रदान गर्नेछ ।

घ. कोषबाट लगानी हुने कर्जाको प्रथम बर्ष साँवा फिर्ता गर्नु पर्दैन , साँवा दोस्रो बर्ष २० प्रतिशत ,तेस्रो बर्ष ३० प्रतिशत र अन्तिम बर्ष ५० प्रतिशत फिर्ता गर्नुपर्ने छ ।

ङ. यस कार्यविधि वमोजिम कोषबाट संचालकलाई गाउँ उद्यम विकास समितिको निर्णय अनुसार कर्जा प्रवाह गरिने छ ।

च. गाउँपालिकाले प्रवाह गरेको रकम साँवा तोकेको समयमा नतिरेमा गाउँपालिकाले सरकारी वाँकी सरह असुल उपर गर्नेछ ।

**९ बाधा अडकाउ फुकाउने वा व्याख्या गर्ने अधिकार :** यस कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै द्विविधा परेमा बाधा अडकाउ फुकाउने वा व्याख्या गर्ने अधिकार गाउँपालिकालाई हुनेछ । यस कार्यविधिको सम्वन्धमा गाउँपालिकाले गरेको व्याख्या अन्तिम हुनेछ ।

## अनुसुची १

## कर्जा मागको निवेदनको ढाचा

श्री अध्यक्ष ज्यु

गाउँ उद्यम विकास समिती

मोदी गाउँपालिका,पर्वत

महोदय, निम्नलिखित विवरण वमोजिम कोशेली तथा सौगात घर संचालन तथा विस्तार गर्न कर्जाको लागि यो निवेदन गरेको छु । पेश गरिएको विवरण ठिक छ झुठा ठहरेमा प्रचलित कानुन वमोजिम सहुला वुझाउँला ।

१ उद्योगको नाम :

२ उद्देश्य :

३ उद्योग रहेको स्थान :

४ ठेगाना :

५ उद्योगको स्तर :

६ ऋण माग गर्ने निवेदकको पुरा नाम थर :

७ ठेगानाः

८दस्तखत :

९सम्पर्क फोन नं :

१०उद्योग व्यवसायको दर्ता विवरण :

११ स्थायी लेखा नं :

१२ माग गरिएको कर्जा रकमः                 १३.उद्योगको छापः

प्रमाणिकरण मितिः २०७६।१।३१

**आज्ञाले,**
**कुमान सिंह गुरुङ**
**प्रमुख प्रशासकीय अधिकृत**